आज मिति २०८२ साल असार २ गतेका दिन यस रास्कोट नगरपालिकाका **नगर प्रमुख श्री धर्मराज शाही** ज्यूको अध्यक्षतामा तथा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसि तपशिलका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

**तपशिल:**

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| नगर प्रमुख | श्री धर्मराज शाही | |
| नगर उप प्रमुख | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री उदयराम आचार्य | |
| वडा अध्यक्ष | श्री धुर्वराज सिम्खडा | |
| वडा अध्यक्ष | श्री राजेन्द्रनाथ योगी | |
| वडा अध्यक्ष | श्री दिनेश संज्याल | |
| वडा अध्यक्ष | श्री मन तिरुवा | |
| वडा अध्यक्ष | श्री कर्ण फर्साल | |
| वडा अध्यक्ष | श्री कपुर महतारा | |
| वडा अध्यक्ष | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री धन बहादुर धामी | |
| कार्यपालिका सदस्य | श्री भैरे तिरुवा | |
| " | श्री दंगली सार्की | |
| " | श्री तारा वि क | |
| " | श्री भैपुरा बम शाही | |
| " | श्री रत्ना देवी न्यौपाने | |
| " | श्री उमा योगी | |
| " | श्री पुनम बम शाही | |
| " | श्री गोविन्द्रा सुनार | |
| सदस्य सचिव | श्री जवान सिंह वम | |

निर्णय नं. १ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय राजश्व परामर्श समितिले पेश गरेको आ.व. २०८१/०८२ को राजश्व प्रतिवेदन माथि छलफल गरि समितिले पेश गरेको प्रतिवेदन आगामी १६ औं नगर सभा बैठकमा प्रस्तुत गर्ने  निर्णय गरियो ।

निर्णय नं. २ माथि छलफल गर्दा रास्कोट नगरपालिकाको न्यायिक कार्यसम्पादनलाई चुस्त दुरुस्त र प्रभाबकारी बनाउन नगर उप-प्रमुख श्री मनिराज बराल ज्यूको संयोजकत्वमा गठन भएको न्यायिक समितिको प्रतिवेदन माथि छलफल गरि आगामी नगर सभा बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ माथि छलफल गर्दा रास्कोट नगरपालिकाको नगर स्तरीय अनुगमन समितिको प्रतिवेदन माथि छलफल गरियो । उक्त प्रतिवेदनले हालसम्म योजनाको भौतिक प्रगति र वित्तीय प्रगति सन्तोषजनक रहेको र केहि योजनाहरुको फरकफारक गर्न बाकी रहेका योजनाहरुलाई पनि समयमै भुक्तानीको प्रक्रिया अगाडी बढाउन सम्बन्धित उपभोक्ता समितिलाई निर्देशन गर्ने र प्रतिवेदनलाई अगामी नगर सभा बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ माथि छलफल गर्दा रास्कोट नगरपालिकाका विभिन्न विषयगत समिति (आर्थिक विकास समिति, पूर्वाधार विकास समिति,सामाजिक विकास समिति, वन वातावरण तथा विपद् व्यवस्थापन समिति, संस्थागत विकास, सार्वजनिक सेवा प्रवाह तथा सुशासन समिति )का संयोजक ज्युहरुले पेश गरेका प्रतिवेदनहरु माथि छलफल गरी सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ माथि छलफल गर्दा  विभिन्न विषयगत समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट छनौट भई आएका योजनाहरुको प्राथमिकिकरण गरि बजेट विनियोजन गर्न आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।